# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०३५४५०२९६
०३५४५००३९

कटारी, उदयपुर
प्रदेश नं. १ नेपाल


पत्र संख्या :- क.प्र. शाखा ०७४/७५
चलानी नं. :-

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

मिति :-२०७४/०९/०४

**प्रथम पटक प्रकाशित मिति २०७४/०९/०५**

यस कटारी नगरपालिका वडा नं. २ अन्तर्गत तावा, ककरु र कमला नदीको संगम स्थलमा परम्परा देखि लाग्दै आएको त्रिवेणी मैनी मेला मिति २०७४/१०/०१ गते देखि मिति २०७४/१०/१५ गतेसम्म लगाउनु पर्ने भएकोले मेला सम्वन्धि ठेक्का प्रयोजनको कारोवार गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट तपसिलमा लेखिएको शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्ने गरी १५ (पन्ध्र) दिने यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र रु. १०००। (एक हजार मात्र) फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई बोलपत्र खरिद गर्न सकिने छ। र सोको भोलिपल्ट अर्थात १६ औं दिनको १२.०० बजे भित्रमा यस कार्यालयमा शिलवन्दी बोलपत्र पेश गर्नु पर्नेछ।
२. नियमानुसार दर्ता भएका शिलवन्दी बोलपत्रहरु १६ औं दिनको अपरान्ह २ वजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। बोलपत्र दाताको प्रतिनिधी नभएको कारण बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र विक्री गर्ने, दर्ता गराउने र खोलिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट तत्तत् कार्यहरु गरिनेछ।
३. बोलपत्र दाताले आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुने रकम यस कार्यालयको रा.बा. बैंक कटारी स्थित २०५०३०३००७१०२ धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ३० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडबण्ड)सक्कलै पत्र वा नगदै पेश गर्नुपर्ने छ।
४. बोलपत्र कवोल अंक उल्लेख गर्दा Bill of Quantity को Item को अंक र अक्षर दुबैमा स्पष्ट रुपले उल्लेख गर्नुपर्ने छ। केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ
५. म्याद नाघी वा रीत पूर्वक नभएका बोलपत्रहरुमा कुनै कार्वाही गरिने छैन।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
७. एक व्यक्ति वा फर्मले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्मले पेश गरेमा अमान्य हुनेछ।
८. सूचनामा उल्लेखित शर्तहरु उल्लघंन भएमा वा कुनै शर्तहरु राखी पेश गरेको बोलपत्र अमान्य हुनेछ
९. बोलपत्र स्वीकृत भएको फर्मले स्वीकृत रकम ठेक्का सम्झौता हुने वित्तिकै एक मुष्ट न.पा. मा जम्मा गर्नु पर्नेछ। सो जम्मा गर्नेलाई ५% छुट हुने छ।
१०. त्रिवणी मेलामा खटिने सुरक्षा कर्मी, मेला व्यवस्थापन समितिको सम्पूर्ण व्यवस्थापनको खर्च स्वयम् ठेकेदारले गर्नुपर्ने छ।
११. कानूनले निषेध गरिएका खेल तमासा लगायतका कार्य गर्न पाइने छैन।
१२. त्रिवेणी मेलाको टेण्डर स्वीकृत भए पछि मेला स्वीकृतको व्यवस्थापन ठेकेदार स्वयम्ले गर्नु पर्ने छ
१३. ठेक्का सम्बन्धि सम्पूण अधिकार नगरपालिकामा रहने छ।
१४. अत्यावश्यक संरचना शौचालय, प्रहरी विट, न.पा. सेल व्यवस्थापन, अस्थायी टहरा ठेकेदारले गर्नु पर्नेछ ।
१५. ठेकेदारले फोहर व्यवस्थापन तथा विसर्जन पूर्ण रुपमा नगरेमा धरौटी जफत गरी ठेकेदारबाट लागेको नपुग खर्च समेत असुल उपर गरी फोहर विसर्जन गरिने छ।
१६. बोलपत्र पेश गर्दा शिलवन्दी खामको बाहिरपट्टि यस कार्यालयको नाम र कुन कामको लागि बोलपत्र पेश गरेको हो, सो समेत उल्लेख गर्नु पर्नेछ।
१७. अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कार्यको बिबरण | न्यूनतम कवोल अंक | बोलपत्र दाताको किसिम | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रुं |
|---|---|---|---|---|---|---|
| १ | १/०७४/७५ | त्रिवेणी मेला धाम | १९२०००। | | १९२००। | १०००/ |

पुण्य प्रसाद लुईटेल
प्रमुख प्रशासकीय अधिकृत